# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

## सूचना १

## नवप्रवर्तन सुरुवाती पूँजी कर्जा प्रवाह कार्यविधि, २०७७

नवीनतम ज्ञान, सीप र क्षमता भएको आविष्कारकर्ता, उद्यमी वा व्यवसायीलाई नवप्रवर्तनकारी उद्यम तथा व्यवसाय सञ्चालनका लागि सुरुवाती पूँजी उपलब्ध गराउन सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने काम कारबाहीलाई प्रभावकारी रूपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०७७ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "नवप्रवर्तन सुरुवाती पूँजी कर्जा प्रवाह कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आविष्कारकर्ता" भन्नाले स्वःअध्ययन तथा अनुसन्धानबाट सार्वजनिक हितका लागि कुनै वस्तु वा सेवाको आविष्कार गर्ने व्यक्ति सम्झनु पर्छ।

(ख) "उद्यमी वा व्यवसायी" भन्नाले नवप्रवर्तनकारी उद्यम वा उद्यमशील क्षमताको उपयोग गरी व्यावसायिक रूपमा वस्तु वा सेवाको उत्पादन तथा वितरण गर्ने उद्यमी वा व्यवसायी सम्झनु पर्छ।

(ग) "कर्जा" भन्नाले दफा ९ बमोजिम उपलब्ध गराउने कर्जा सम्झनु पर्छ।

(घ) "नवप्रवर्तनकारी आविष्कार, उद्यम वा व्यवसाय" भन्नाले नयाँ ज्ञान, सीप, क्षमता र प्रविधिको माध्यमबाट कम स्रोतको महत्तम उपयोग गरी कम समय र लागतमा उच्च गुणस्तरको आविष्कार वा प्रणालीको विकास गर्ने उद्यम वा व्यवसाय सम्झनु पर्छ।

(ङ) "बैङ्क" भन्नाले दफा ९ बमोजिम समितिले तोकेको वाणिज्य बैङ्क सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

३. **निर्देशक समिति**ः (१) कर्जा प्रवाह गर्ने सम्बन्धी काम कारबाहीलाई व्यवस्थित गर्न देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) राष्ट्रिय योजना आयोगको उपाध्यक्षले तोकेको सो आयोगको सदस्य -संयोजक

(ख) सहसचिव, अर्थ मन्त्रालय -सदस्य

(ग) सहसचिव, राष्ट्रिय योजना आयोग -सदस्य

(घ) सहसचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय -सदस्य

(ङ) मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक तह उत्तीर्ण गरी नवप्रवर्तनकारी आविष्कार, उद्यम वा व्यवसायको क्षेत्रमा अनुभवप्राप्त विज्ञहरूमध्येबाट संयोजकले मनोनीत गरेका एक जना महिलासहित दुई जना -सदस्य

(च) सहसचिव, मन्त्रालय -सदस्य-सचिव

(२) समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

४. **समितिको काम, कर्तव्य र अधिकार**: यस कार्यविधिमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) उद्योग, कृषि, उर्जा, स्वास्थ्य, पर्यटन, शिक्षा, सूचना प्रविधि जस्ता क्षेत्रमा नवीनतम ज्ञान, सीप र क्षमताद्वारा त्यस्ता विषयसँग सम्बन्धित कुनै वस्तु वा सेवाको आविष्कार, उद्यम वा व्यवसाय सञ्चालन गर्न आवश्यक लगानीयोग्य पूँजी जुटाउन नसकेका लघु, घरेलु, साना तथा मझौला, उद्यमी, व्यवसायी वा आविष्कारकर्तालाई त्यस्तो नवप्रवर्तनीय कार्यको उद्यम वा व्यवसाय सञ्चालनको लागि कर्जा प्रदान गर्न प्रस्ताव आह्वान गर्ने,

(ख) आविष्कारकर्ता, उद्यमी वा व्यवसायीलाई कर्जा रकम उपलब्ध गराउन प्रस्ताव आह्वान तथा छनौट, त्यस्तो कर्जा रकमको सीमा, किस्ता, कर्जा प्रदान गर्न छनौट गरिने प्रस्तावको सङ्ख्या तथा अन्य शर्त सम्बन्धी मापदण्ड तयार गर्ने,

(ग) कर्जा प्राप्त गर्ने आविष्कारकर्ता, उद्यमी वा व्यवसायीले त्यस्तो कर्जाको सही तरिकाले उपयोग गरे वा नगरेको अनुगमन गर्ने, गराउने,

(घ) नवीनतम ज्ञान, सीप र क्षमता भएका व्यक्तिलाई नवप्रवर्तनकारी उद्यम वा व्यवसाय सञ्चालन गर्न प्रोत्साहित गर्ने,

(ङ) प्रस्ताव छनौट सम्बन्धी मापदण्ड तयार गर्ने,

(च) अन्य आवश्यक कार्य गर्ने ।

५. <u>समितिको बैठक र निर्णयः</u> (१) समितिको बैठक आवश्यकता अनुसार समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) कुल सदस्य सङ्ख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा समितिको वरिष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(५) समितिले आवश्यकता अनुसार नेपाल सरकारको कुनै पदाधिकारी, कर्मचारी वा अन्य कुनै विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) समितिको निर्णय संयोजक र सदस्य-सचिवले प्रमाणित गर्नु पर्नेछ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. **प्रस्ताव आह्वान गर्ने**: (१) नवप्रवर्तनकारी आविष्कार, उद्यम वा व्यवसायको लागि सुरुवाती पूँजी जुटाउन नसकेका आविष्कारकर्ता, उद्यमी वा व्यवसायीलाई आफूले गर्न खोजेको दफा ४ को खण्ड (क) बमोजिमको क्षेत्रमा नवप्रवर्तनकारी आविष्कार, उद्यम वा व्यवसायका लागि कर्जा मागको प्रस्ताव पेश गर्न समितिले तीस दिनको अवधि दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव आह्वान गरेको सूचना समितिले मन्त्रालय र राष्ट्रिय योजना आयोगको वेबसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ।

७. **प्रस्ताव पेश गर्न सक्ने**: (१) दफा ६ बमोजिम प्रकाशित सूचना अनुसार नवप्रवर्तनकारी आविष्कार, उद्यम वा व्यवसायको लागि कर्जा प्राप्त गर्न चाहने आविष्कारकर्ता, उद्यमी वा व्यवसायीले आफूले गर्न खोजेको नवप्रवर्तनकारी आविष्कार, उद्यम वा व्यवसाय, त्यसको जोखिम, सम्भावित

प्रतिफल, आवश्यक पर्ने रकम, नेपाल सरकारबाट अपेक्षा गरिएको कर्जा रकम, त्यसबाट सामाजिक आर्थिक रुपान्तरणमा पर्न सक्ने सकारात्मक प्रभाव लगायतका विषय उल्लेख गरी सोही सूचनामा तोकिएको अवधिभित्र समिति समक्ष प्रस्ताव पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्ने आविष्कारकर्ता, उद्यमी वा व्यवसायीले प्रचलित कानून बमोजिम स्थायी लेखा नम्बर प्रमाणपत्र लिएको, उद्यम वा व्यवसाय दर्ता गर्ने निकायमा दर्ता भएको र कर्जा सूचना केन्द्रको कालोसूचीमा नपरेको तथा प्रचलित कानून बमोजिम योग्य हुनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रस्तावको ढाँचा, सोसाथ संलग्न गर्नुपर्ने विवरण तथा अन्य कागजात समितिले तोके बमोजिम हुनेछ।

८. **प्रस्ताव छनौट गर्ने**: (१) समितिले प्रस्ताव पेश गर्ने म्याद समाप्त भएको सात दिनभित्र दफा ७ बमोजिम प्राप्त प्रस्तावहरू मूल्याङ्कन गरी छनौटको लागि सिफारिस गर्न देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन उपसमिति गठन गरी प्राप्त प्रस्तावहरू सो उपसमितिमा पठाउनु पर्नेछः-

(क) समितिको सदस्य-सचिव -संयोजक

(ख) प्रस्तावसँग सम्बन्धित विषय विज्ञहरूमध्येबाट संयोजकले तोकेको एक जना महिलासहित दुई जना -सदस्य

(ग) प्रस्तावसँग सम्बन्धित नेपाल सरकारको मन्त्रालयको सहसचिव -सदस्य

(घ) संयोजकले तोकेको बैङ्कको प्रतिनिधि -सदस्य

(२) उपदफा (१) बमोजिमको उपसमितिले प्रस्तावको मूल्याङ्कन गर्दा देहायका विषयहरु सहित नविनतम विचार र दृष्टिकोणको प्रयोग हुने अवस्था सुनिश्चित गर्नु पर्नेछः-

(क) प्रस्तावको विषयवस्तु, सोको कार्यान्वयनबाट प्राप्त हुने उपलब्धि र प्रभाव उच्चस्तरको हुने देखिएको,

(ख) नवप्रवर्तन हुने अवस्थाको सुनिश्चितता भएको र सोबाट उत्पन्न हुन सक्ने जोखिम न्यूनीकरणको व्यवस्था भएको उपाय सहित प्रस्तुत गरिएको,

(ग) प्रस्ताव कार्यान्वयन गर्न लाग्ने समय र प्रविधि उपयुक्त भएको,

(घ) आविष्कारकर्ता, उद्यमी वा व्यवसायी आफैंले लगानी गर्ने योगदानको स्वरुप यकीन भएको,

(ङ) प्रस्तावकको योग्यता, प्रस्ताव कार्यान्वयन गर्ने क्षमता तथा संयन्त्रको स्पष्ट उल्लेख भएको,

(च) प्रस्तावित कार्यक्रम तयारी अवस्थामा रहेको,

(छ) अन्य कुनै निकाय वा तहबाट सोही नवप्रवर्तनकारी आविष्कार, उद्यम वा व्यवसायमा कर्जा वा अन्य कुनै प्रकारको अनुदान वा सहायता रकम नलिएको,

(ज) समितिले निर्धारण गरेको मापदण्ड पालना गरेको ।

(३) उपदफा (१) बमोजिमको उपसमितिले आफू समक्ष प्रस्ताव प्राप्त भएको पन्ध्र दिनभित्र उपदफा (२) बमोजिमको आधारमा मूल्याङ्कन गरी उपयुक्त देखिएका

प्रस्ताव छनौटका लागि सिफारिस सहित समितिमा पठाउनु पर्नेछ।

तर उपसमितिले प्रस्तावदाताको सङ्ख्या धेरै भई मूल्याङ्कनको लागि थप समय माग गरेमा समितिले सात दिन समय थप गरिदिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त प्रस्तावहरूमध्ये समितिले उपयुक्त प्रस्ताव छनौट गरी सात दिनभित्र सम्बन्धित प्रस्तावकलाई जानकारी दिई सोको सूचना मन्त्रालयलाई पठाउनु पर्नेछ। त्यस्तो सूचना राष्ट्रिय योजना आयोगको वेबसाइट मार्फत समेत सार्वजनिक गर्नु पर्नेछ।

(५) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै नवप्रवर्तनकारी आविष्कार, उद्यम वा व्यवसायको स्थापना वा सञ्चालनको लागि नेपाल सरकारबाट कुनै कर्जा वा अनुदान रकम प्राप्त भएको भएमा सोही आविष्कार, उद्योग वा व्यवसायको स्थापना वा सञ्चालनको लागि दफा ७ बमोजिम कुनै प्रस्ताव प्राप्त भएमा त्यस्तो प्रस्तावलाई छनौट गरिने छैन।

९. <u>सुरुवाती पूँजी कर्जा उपलब्ध गराइने</u>: दफा ८ बमोजिम छनौट भएका प्रस्तावक आविष्कारकर्ता, उद्यमी वा व्यवसायीलाई नेपाल सरकारले नवप्रवर्तन सुरुवाती पूँजीको लागि प्रदान गर्ने भनी मन्त्रालयमा विनियोजन गरेको रकम समितिले तोकेको वाणिज्य बैङ्कमार्फत वार्षिक दुई प्रतिशत ब्याजदरमा कर्जा स्वरूप उपलब्ध गराइनेछ।

१०. <u>कर्जा प्रवाह गर्ने</u>: (१) दफा ८ बमोजिम छनौट भई दफा ९ बमोजिम नवप्रवर्तन सुरुवाती पूँजी प्राप्त गर्ने प्रस्तावकले

समितिले प्रस्ताव छनौटको सूचनामा तोकेको म्यादभित्र मन्त्रालयसँग कर्जा सम्बन्धी सम्झौता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता गर्दा स्वीकृत कर्जाको सीमा, कर्जा प्राप्त गर्ने किस्ता र समयावधि, व्यवसाय सुरु गर्ने मिति, कर्जा भुक्तानीको तरिका र अवधि लगायतका आवश्यक शर्तहरू सम्झौतामा उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम सम्झौता गरेपछि कार्यान्वयनको लागि मन्त्रालयले प्रत्येक प्रस्तावकसँग गरेको सम्झौताको एक एक प्रति समिति, अर्थ मन्त्रालय र सम्बन्धित बैङ्कमा पठाउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम सम्झौता भएको तीस दिनभित्र प्रस्तावदाताले सम्झौताको सक्कल प्रति र अन्य आवश्यक कागजातसहित कर्जा रकम प्राप्तिको लागि सम्बन्धित बैङ्कमा निवेदन दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदन प्राप्त भएको सात दिनभित्र सम्बन्धित बैङ्कले सो सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले जारी गरेको निर्देशन र सम्झौताको शर्तको अधीनमा रही सम्झौतामा उल्लेख भए बमोजिमको कर्जा रकम स्वीकृत गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम कर्जा स्वीकृत गर्दा बैङ्कले आविष्कारकर्ता, उद्यमी वा व्यवसायीको जमानी, व्यावसायिक कार्ययोजना, सम्झौता तथा परियोजनालाई कर्जाको धितोको रूपमा लिन सक्नेछ।

(७) उपदफा (५) बमोजिम स्वीकृत भएको कर्जा रकममध्ये प्रस्तावकले प्रस्तावमा उल्लेख गरेको कार्य प्रारम्भ गरेको यकीन भए पश्चात पहिलो किस्ता रकम उपलब्ध

गराउनु पर्नेछ । सम्बन्धित आविष्कारकर्ता, उद्यमी वा व्यवसायीले पेश गरेको प्रगति विवरण तथा अनुगमन प्रतिवेदनबाट कार्य प्रगति भएको सुनिश्चितताको आधारमा मात्र दोस्रो र अन्तिम किस्ता रकम उपलब्ध गराउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम कर्जा उपलब्ध गराउन सुरु गरेपछि सम्बन्धित बैङ्कले कर्जा प्रवाह गरे बराबरको रकम मासिक रूपमा नेपाल राष्ट्र बैङ्कमार्फत् मन्त्रालयसँग सोधभर्ना माग गर्नु पर्नेछ। यसरी माग भई आएपछि मन्त्रालयले माग भए बराबरको रकम नेपाल राष्ट्र बैङ्कमार्फत सम्बन्धित बैङ्कलाई सोधभर्ना दिनेछ।

(९) उपदफा (८) बमोजिम सोधभर्ना माग गर्दा कर्जा लिएका आविष्कारकर्ता, उद्यमी वा व्यवसायीले कर्जाको साँवाको कुनै किस्ता वा ब्याज रकम बुझाएको भए सो रकम समेत मन्त्रालयले तोकेको खातामा जम्मा गर्नु पर्नेछ। यसरी प्राप्त भएको रकम मन्त्रालयले सङ्घीय सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(१०) यस दफा बमोजिम प्रदान गरिएको कर्जाबाट प्राप्त ब्याज रकमको पच्चीस प्रतिशत रकम सेवा शुल्क बापत सम्बन्धित बैङ्कले प्रयोग गर्न सक्नेछ।

(११) यस कार्यविधि बमोजिम नवप्रवर्तनकारी आविष्कार, उद्यम वा व्यवसाय सञ्चालनको लागि कर्जा प्रदान गर्दा प्रस्तावको लागत तथा त्यसबाट पर्ने प्रभावको आधारमा कुल लागतको बढीमा पचास प्रतिशतमा नबढ्ने गरी अधिकतम पचास लाख रूपैयाँ रकम नवप्रवर्तन सुरुवाती पूँजीको रूपमा कर्जा उपलब्ध गराइनेछ।

(१२) उपदफा (११) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रस्तावकको प्रस्ताव व्यावसायिक अन्वेषण, विकास, उद्यमशीलता र नवप्रवर्तनको दृष्टिले उच्चस्तरको र भरपर्दो देखिएमा समितिले प्रस्तावकले व्यहोर्नु पर्ने रकम पूर्ण वा आंशिकरुपमा व्यहोर्न नपर्ने गरी प्रस्ताव स्वीकृत गर्न सक्नेछ ।

११. <u>**कर्जा चुक्ता गर्ने विधिः**</u> (१) यस कार्यविधि बमोजिम कर्जा लिएका आविष्कारकर्ता, उद्यमी वा व्यवसायीले कर्जाको अन्तिम किस्ता बापतको रकम प्राप्त गरेको एक वर्षभित्र कर्जा सम्झौतामा उल्लेख भए बमोजिम साँवा भुक्तानीको किस्ता बुझाउने अवधि प्रारम्भ हुनेछ।

(२) यस कार्यविधि बमोजिम कर्जा लिएका आविष्कारकर्ता, उद्यमी वा व्यवसायीले साँवा चुक्ताको किस्ता बुझाउने अवधि प्रारम्भ भएको चार वर्षभित्र कर्जा साँवाको सम्पूर्ण किस्ता र ब्याज समेत चुक्ता गरी सक्नु पर्नेछ।

(३) कर्जा प्रदान गर्ने अन्य प्रक्रिया, सोको प्राप्ति, भुक्तानी विधि, अवधि तथा आविष्कारकर्ता, उद्यमी वा व्यवसायी र बैङ्कले पालना गर्नु पर्ने शर्त सम्बन्धी व्यवस्था सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

१२. <u>**कर्जाको दुरूपयोग गर्न नहुनेः**</u> आविष्कारकर्ता, उद्यमी वा व्यवसायीले यस कार्यविधि बमोजिम कर्जा बापत प्राप्त रकम जुन प्रयोजनको लागि प्राप्त गरेको हो सोही प्रयोजनमा बाहेक अन्यत्र खर्च गरी कर्जाको दुरूपयोग गर्न हुँदैन।

१३. <u>**अनुगमन गर्ने**</u>ः (१) यस कार्यविधि बमोजिम कर्जा लिई सञ्चालन भएको नवप्रवर्तनकारी आविष्कार, उद्यम वा

व्यवसाय नियमित रूपमा सञ्चालन भए वा नभएको, अपेक्षित प्रगति भए वा नभएको तथा कर्जा रकम सम्झौता बमोजिमको कार्यमा प्रयोग भए वा नभएको सम्बन्धमा मन्त्रालय, नेपाल राष्ट्र बैङ्क र सम्बन्धित बैङ्कले समय-समयमा अनुगमन गर्नु, गराउनु पर्नेछ। यसरी अनुगमन गरेको सात दिनभित्र समिति समक्ष अनुगमन प्रतिवेदन पेश गर्नु पर्नेछ। समितिले समयमा अनुगमन भए वा नभएको विषयमा अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा वा गराउँदा सो कार्यमा सहयोग गर्नु कर्जा प्राप्त गर्ने सम्बन्धित आविष्कारकर्ता, उद्यमी वा व्यवसायीको कर्तव्य हुनेछ।

(३) उपदफा (१) बमोजिम अनुगमन गर्दा वा गराउँदा यस कार्यविधि विपरीत हुने गरी कुनै काम गरे वा गराएको पाइएमा समितिले निश्चित समयावधि तोकी सुधार गर्न सम्बन्धित आविष्कारकर्ता, उद्यमी वा व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशन बमोजिम निर्धारित समयावधिभित्र आवश्यक सुधार भएको नपाइएमा समितिले त्यस्तो आविष्कारकर्ता, उद्यमी वा व्यवसायीलाई निजले प्राप्त गरेको कर्जा निर्धारित समय अगावै प्रचलित कानून बमोजिम व्याजसहित फिर्ता गर्न निर्देशन दिन सक्नेछ।

१४. **प्रचलित कानून बमोजिम असुल उपर गरिने:** दफा ११ को उपदफा (२) बमोजिमको अवधिभित्र कर्जा चुक्ता नगरेमा वा दफा १३ को उपदफा (४) बमोजिमको निर्देशन बमोजिम कर्जा रकम फिर्ता नगरेमा सो रकम प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ।

१५. <u>प्रतिवेदन पेश गर्नुपर्ने</u>: (१) यस कार्यविधि बमोजिम कर्जा प्राप्त गर्ने आविष्कारकर्ता, उद्यमी वा व्यवसायीले कर्जाको प्रथम किस्ता प्राप्त गरेपछि दफा ११ को उपदफा (१) बमोजिमको अवधि प्रारम्भ हुँदासम्म प्रत्येक चौमासिक अवधिमा आफूले गरेको काम कारबाहीको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) मन्त्रालयले यस कार्यविधि बमोजिम कर्जा प्रदान गरिएको आविष्कारकर्ता, उद्यमी वा व्यवसायीको आविष्कार, उद्यम वा व्यवसायको प्रगतिको अवस्था र सोबाट प्राप्त उपलब्धि स्पष्ट खुलाई वार्षिक प्रतिवेदन तयार गरी कात्तिक मसान्तभित्र समिति र अर्थ मन्त्रालयमा पेश गर्नु पर्नेछ।

तर आर्थिक वर्ष २०७७/७८ को हकमा माघ मसान्त भित्र सो प्रतिवेदन तयार गरी समिति र अर्थ मन्त्रालयमा पेश गर्नु पर्नेछ।

१६. <u>नेपाल राष्ट्र बैङ्कले समन्वय गर्नु पर्ने</u>: यस कार्यविधि बमोजिम प्रवाह हुने कर्जाका सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले मन्त्रालय, अन्य निकाय तथा सम्बन्धित बैङ्कसँग आवश्यक समन्वय गर्नु पर्नेछ।

१७. <u>गुनासो सुनुवाई</u>: (१) यस कार्यविधि बमोजिम सम्बन्धित बैङ्कले कर्जा प्रवाह नगरेको वा कर्जा प्राप्त गर्ने आविष्कारकर्ता, उद्यमी वा व्यवसायीले सम्बन्धित बैङ्कबाट पाउनु पर्ने सुविधा नपाएको सम्बन्धमा सम्बन्धित आविष्कारकर्ता, उद्यमी वा व्यवसायीले समिति समक्ष लिखित रूपमा गुनासो गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै गुनासो प्राप्त भएमा त्यस्तो गुनासो सम्बोधन गर्न समितिले सम्बन्धित बैङ्कलाई

नेपाल राष्ट्र बैङ्कमार्फत र सम्बन्धित अन्य निकायलाई आफैंले आवश्यक निर्देशन दिन सक्नेछ।

१८. <u>फाराम तथा ढाँचाः</u> यस कार्यविधि बमोजिम कर्जा प्रदान गर्दा प्रयोग हुने आवश्यक फाराम तथा ढाँचा नेपाल राष्ट्र बैङ्कसँगको समन्वयमा सम्बन्धित बैङ्कले तोके बमोजिम हुनेछ।

१९. <u>आवश्यक व्यवस्था मिलाउन सक्नेः</u> यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा अड्काउ उत्पन्न भएमा समितिले अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैङ्कसँगको परामर्शमा आवश्यक व्यवस्था मिलाउन सक्नेछ।

२०. <u>खारेजी र बचाउः</u> (१) नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७६/१०/२० मा स्वीकृत नवप्रवर्तन सुरुवाती पूँजी अनुदान कार्यविधि, २०७६ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि अनुसार आ.व. २०७६/७७ मा आह्वान भई प्राप्त भएका सबै प्रस्ताव राष्ट्रिय योजना आयोगले यस कार्यविधि बमोजिम व्यवस्था गर्नका लागि मन्त्रालयमा पठाउने छ ।

(३) उपदफा (१) बमोजिमको कार्यविधि अनुसार प्रस्ताव पेश गरेको प्रस्तावदाताले यस कार्यविधि बमोजिम नयाँ प्रस्ताव मागको सूचना प्रकाशन भएपछि आफूले यसअघि पेश गरेको प्रस्तावलाई यस कार्यविधि बमोजिम कायम गर्न त्यस्तो सूचनामा उल्लिखित म्यादभित्र सोको लिखित जानकारी समितिलाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम लिखित जानकारी दिंदा आफूले अघि पेश गरेको प्रस्तावमा यस कार्यविधि बमोजिम प्रस्ताव मागको सूचनामा उल्लेख भएको कागजात पेश

नभएको भए सो पेश गर्ने वा शर्त पूरा नगरेको भए शर्त पूरा गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम रीत पुगेको प्रस्तावलाई समितिले यसै कार्यविधि बमोजिमको प्रस्ताव कायम गरी दफा ८ को उपदफा (१) बमोजिम मूल्याङ्कनमा समावेश गर्नु पर्नेछ।